| बैठक संख्या | मिति | निर्णयहरु |
|---|---|---|
| ४७. | २०७६/०२/१० दिनको ०३:०० बजे | अर्थ समितिको आज मिति २०६/०२/१० गते बसेको वैठकमा संघीय संसद, प्रतिनिधि सभा अर्थ समितिको वार्षिक प्रतिवेदन, २०७६ माथी छलफल गरी समितिका माननीय सदस्यहरुबाट प्राप्तव सुझावहरुलाई समेत समावेश गरी प्रतिवेदनलाई पूर्णता दिइयो । उक्त प्रतिवेदन मिति २०७६/०२/१३ गते बस्ने प्रतिनिधि सभाको वैठकमा पेश गर्ने निर्णय भयो । |
| ४८. | २०७६/०३/१७ दिनको ११:०० बजे | अर्थ समितिको आज मिति २०७६ असार १७ गतेको वैठक, प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७९ बमोजिम वैठक सञ्चागलनको लागि आवश्यक गणपूरक संख्या नपुग भएको कारणले वैठक स्थगित गर्ने निर्णय भयो । |
| ४९. | २०७६/०३/२७ दिनको ०८:३० बजे | अर्थ समितिको आज मिति २०७६ असार २७ गतेको वैठकमा नेपाल वायुसेवा निगमको संचालन लागत र आम्दानी, व्यवसायिक रणनीति, योजना लगायतका विषयमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव, नेपाल वायु सेवा निगमका कार्यकारी अध्यक्ष तथा नेपाल वायुसेवा निगमका निर्देशक लगायतको उपस्थितिमा छलफल भयो । |
| ५०. | २०७६/०४/१७ बिहान १०:३० बजे | अर्थ समितिको आज मिति २०७६ साउन १७ गते बसेको वैठकमा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०९ को उपनियम (१) को खण्ड (ख) बमोजिम "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७५" लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने, प्रस्ताव पारीत भई प्राप्त विधेयक माथि समितिका माननीय सदस्यहरुबिच माननीय अर्थ मन्त्रीज्यू, संसोधन कर्ता माननीय सदस्य, अर्थ मन्त्रालयका सचिव, महालेखा नियन्त्रक कार्यालयका प्रतिनिधि र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधिको उपस्थितिमा सैद्धान्तिक छलफल भयो । उक्त वैठकमा माननीय अर्थ मन्त्रीले विधेयकका उद्देश्य र विधेयक ल्याउनुपर्नाका कारण लगायतको विषयमा समितिमा जानकारी गराउनुभयो र संशोधनकर्ता माननीय सदस्यहरुले विधेयकमा संशोधन पेश गर्नुपर्नाको कारण लगायतको विषयमा आफ्नो धारणा राखुमभयो । |

| | | |
|---|---|---|
| ५१. | २०७६/०४/१९<br>बैठक संख्याः ५१<br>समयः बिहान ११:०० बजे | अर्थ समितिको आज मिति २०७६ साउन १९ गते बसेको वैठकमा माननीय अर्थ मन्त्रीज्यू, अर्थ मन्त्रालयका सचिव, महालेखा नियन्त्रक कार्यालयका प्रतिनिधि र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधिहरुको उपस्थितिमा "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७५" माथि दफाबार छलफल प्रारम्भ भयो । |
| ५२. | २०७६/०४/२१ बिहान १०:०० बजे | अर्थ समितिको आज मिति २०७६ साउन २१ गते बसेको वैठकमा माननीय अर्थ मन्त्रीज्यू, अर्थ मन्त्रालयका सचिव, महालेखा नियन्त्रक कार्यालयका प्रतिनिधि र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधिहरुको उपस्थितिमा "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७५" माथिको दफाबार छलफल जारी रह्यो् । |
| ५३. | २०७६/०४/२२<br>दिनको २:०० बजे | अर्थ समितिको आज मिति २०७६ साउन २२ गते बसेको वैठकमा माननीय अर्थ मन्त्रीज्यू, अर्थ मन्त्रालयका सचिव, महालेखा नियन्त्रक र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधिहरुको उपस्थितिमा "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७५" माथिको दफाबार छलफल जारी रह्यो े । |
| ५४. | २०७६/०४/२७ बिहान १०:०० बजे | अर्थ समितिको मिति २०७६/०४/२७ गतेको वैठकमा माननीय अर्थ मन्त्री, अर्थ मन्त्रालयका सचिव, महालेखा नियन्त्रक र कानून ,न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधिहरुको उपस्थितिमा" आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक "मा दफाबार छलफल भइ देहाय बमोजिमको प्रतिवेदन पारीत गरी प्रतिनिधि सभामा पेश गर्ने निर्णय भयो ।<br><br>**“आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” सम्बन्धि अर्थ समितिको प्रतिवेदन, २०७६”**<br><br>प्रतिनिधि सभाको मिति २०७५ फाल्गुन २९ गते बसेको बैठकले प्रतितिधि सभा नियमावली, २०७५ को नियम १०९ को उपनियम (१) को खण्ड (ख) बमोजिम “आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव पारीत गरी अर्थ समितिमा दफावार छलफलको लागि मिति २०७५ चैत्र ०७ मा प्राप्त भएको थियो जसमा ३१ जना संशोधनकर्ता माननीय |

सदस्यहरुबाट प्रस्तावना, विविध र २६ वटा दफामा संशोधन दर्ता भई सम्माननीय सभामुखज्यूबाट छलफलको लागि स्वीकृत भएको थियो ।

सो विधेयक माथि मिति २०७६ साउन १७ गते देखि छलफल प्रारम्भ गरिएको थियो र वैठकमा माननीय अर्थमन्त्रीज्यूले विधेयक प्रस्तुत गर्नु पर्नाको उद्देश्य र कारणका सम्बन्धमा स्पष्ट पार्नु भएपछि विधेयकमा संशोधनकर्ता माननीय सदस्यहरुले संशोधन सम्बन्धमा आ-आफ्नो धारणा राख्नुभएको थियो । मिति २०७६ साउन १९, २१, २२ र २७ गते बसेका वैठकमा विधेयक माथि विस्तृत रुपमा दफावार छलफल भएको थियो । समितिको उक्त वैठकमा माननीय अर्थ मन्त्रीज्यू, अर्थ मन्त्रालयका सचिव, महालेखा नियन्त्रक, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि समेतको उपस्थितिमा विधेयकमा दफावार छलफल भएको र समितिको मिति २०७६ साउन २७ गतेको वैठकबाट "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" मा आवश्यक परिमार्जन गरी देहायको निर्णय सहितको प्रतिवेदन सभामा पेश गर्ने भनी समितिको निर्णय गरे अनुसार यो प्रतिवेदन तयार गरिएको छ ।

१. विधेयकको दफा १ को उपदफा (१) मा रहेको "२०७५" भन्ने अङ्कको सट्टा "२०७६" भन्ने अङ्क राख्ने ।

२. विधेयकको दफा २ को खण्ड (ट) मा रहेको "जिम्मेदारी" भन्ने शब्दको सट्टा "जिम्मेवारी" भन्ने शब्द राख्ने ।

३. विधेयकको दफा २ को खण्ड (न) मा रहेका "अन्य सरकारी कोषको सञ्चालन र व्यवस्थापन गर्ने" भन्ने शब्दहरु पछि "चल, अचल सरकारी सम्पत्तिको अभिलेख राखी प्रतिवेदन गर्ने" भन्ने शब्दहरु थप्ने।

४. विधेयकको दफा २ को खण्ड (ब) मा रहेको "सम्झनु पर्छ" भन्ने शब्दपछि "र सो शब्दले विद्युतीय माध्यमबाट राखिएको अभिलेख वा कारोबारलाई प्रमाणित गर्ने विद्युतीय अभिलेखलाई समेत जनाउँछ" भन्ने शब्दहरु थप्ने।

५. विधेयकको दफा २ को खण्ड (व) मा रहेका "परीक्षण वा अनुगमन कार्यको आधारमा भएको" भन्ने शब्दहरु हटाउने ।

६. विधेयकको दफा ३ को उपदफा (२) मा रहेको "तथार" भन्ने शब्दको सट्टा "तयार" भन्ने शब्द राख्ने ।

७. विधेयकको दफा ६ को ,-

(१) उपदफा (२) मा रहेका "तोकिएको अवधिभित्र" भन्ने शब्दहरु हटाउने।

(२) उपदफा (३) को स्पष्टीकरण खण्डमा रहेको “विस्तृत” भन्ने शब्दपछि “अध्ययन” भन्ने शब्द थप्ने र सोही खण्डमा रहेका “वा नेपाल सरकारले तोकेका नयाँ” भन्ने शब्दहरुको सट्टा “आयोजना बैंकमा प्रविष्ट भएका” भन्ने शब्दहरु राख्ने ।

८. विधेयकको दफा ९ को उपदफा (२) को खण्ड (ख) मा रहेका “दफा ५” भन्ने शब्दहरुको सट्टा “दफा ६” भन्ने शब्दहरु राख्ने ।

९. विधेयकको दफा १० को उपदफा (१) मा रहेका “को उपदफा (३)” भन्ने शब्दहरु झिक्ने।

१०. विधेयकको दफा ११ को उपदफा (४) मा रहेका “गर्न सक्नेछ” भन्ने शब्दहरुको सट्टा “गर्नु पर्नेछ” भन्ने शब्दहरु राख्ने ।

११. विधेयकको दफा १२ को उपदफा (१) मा रहेका “सम्झौता वा” भन्ने शब्दहरु पछि “अदालतको” भन्ने शब्द थप्ने।

१२. विधेयकको दफा १ ३ को सट्टा देहाय बमोजिमको दफा १३ राख्नेः-

“१३. <u>राजस्व र व्ययको अनुमान तयार गर्नेः</u> _अर्थ मन्त्रालयले राजस्व र व्ययको अनुमानमा देहायका विवरण समेत समावेश गर्नु पर्नेछः—

(क) अघिल्लो आर्थिक वर्षमा गरिएको राजस्वको अनुमान अनुसार राजस्व संकलन भए नभएको तथा प्रत्येक मन्त्रालयलाई छुट्याइएको रकमबाट भएको खर्च र खर्च अनुसारको लक्ष्य हासिल भए वा नभएको विवरण,

(ख) दफा ६ बमोजिमको मध्य मकालीन खर्च संरचना,

(ग) नेपाल सरकारको स्रोत , वैदेशिक सहायता तथा आन्तरिक ऋणबाट प्रत्येक खर्च शीर्षकको लागि व्यहोरिने कार्यक्रमको विवरण,

(घ) आगामी तीन आर्थिक वर्षको राजस्व र व्ययको प्रक्षेपण,

(ङ) ऋण , लगानी तथा दायित्व सम्बन्धी विवरण,

(च) आर्थिक सन्तुलन कायम गर्न अपनाइने रणनीति उल्लेख भएको वित्त नीति,

(छ) आगामी तीन आर्थिक वर्षको कुल ग्राहस्थ उत्पादनमा हुने बृद्धिदर, मुद्रास्फिति, चालू खाता सन्तुलन र भुक्तानी सन्तुलनको स्थिति समेत उल्लेख भएको समष्टिगत आर्थिक स्थिति,

(ज) कर वा गैर करमा छुट दिइएको विवरण ,

(झ) अघिल्लो आर्थिक वर्षको वैदेशिक सहायता प्राप्तिको विवरण ।”

१३. विधेयकको दफा १४ को उपदफा (१) मा रहेका “प्रत्येक वर्ष” भन्ने शब्दहरूको सट्टा “प्रत्येक वर्षको” भन्ने शब्दहरु राख्ने ।

१४. विधेयकको दफा १६ को सट्टा देहाय बमोजिमको दफा १६ राख्नेः-

“१६. **समष्टिगत आर्थिक परिलक्ष्यको प्रक्षेपण**ः समष्टिगत आर्थिक परिलक्ष्यको प्रक्षेपण राजस्वको परिचालन, आन्तरिक तथा वैदेशिक ऋणको उपयोग, नेपाल सरकारले लिने ओभरड्राफ्ट सम्बन्धी नीतिको आधारमा तोकिए बमोजिम गरिनेछ।”

१५. विधेयकको दफा १७ को सट्टा देहाय बमोजिमको दफा १७ राख्नेः-

“१७. **आयोजनाकोवर्गीकरण र आयोजना बैंकः** (१) संघ, प्रदेश तथा स्थानीय तहमा नेपाल सरकारले सञ्चालन गर्ने आयोजनाको वर्गीकरण योजना आयोगको सिफारिसमा नेपाल सरकारले गर्नेछ।

(२) योजना आयोगमा राष्ट्रियस्तरको एक आयोजना बैंक रहनेछ ।

(३) उपदफा (२) बमोजिमको आयोजना बैंकमा योजना आयोगले तोकेको मापदण्डको आधारमा रही सम्बन्धित मन्त्रालयले आयोजना प्रविष्टि गराउनु पर्नेछ ।

(४) आयोजनाको वर्गीकरण, आधार तथा मापदण्ड निर्धारण र आयोजना बैंक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।”

१६. विधेयकको दफा १९ को ,-

(१) उपदफा (३) मा रहेका “निकायबाट” भन्ने शब्दहरुको सट्टा “कार्यालयबाट” भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (५) मा रहेका “गर्न सक्नेछ” भन्ने शब्दहरुको सट्टा “गर्नु पर्नेछ ।” भन्ने शब्दहरु राख्ने ।

१७. विधेय कको दफा २१ को,-

(१) उपदफा (२) र (३) को सट्टा देहायको उपदफा (२) र (३) राख्नेः-

“(२) विनियोजन ऐनमा विभिन्न निकाय तथा अन्तर्गतको कार्यालयमा विभाजन गर्नुपर्ने गरी विनियोजन भएको रकम लेखा उत्तरदायी अधिकृतले आर्थिक वर्षको पहिलो चौमासिकसम्म विभाजन नगरेमा अर्थ मन्त्रालयले त्यस्तो रकम रोक्का राख्न“ सक्नेछ ।

| | | |
|---|---|---|
| | | (३) विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रम आर्थिक वर्षको दोस्रो चौमासिकसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम चैत्र पन्ध्र गतेभित्र अर्थ मन्त्रालयमा समर्पण गर्नु पर्नेछ ।”<br>(२) उपदफा (३) पछि देहायका उपदफा (४), (५), (६) र (७) थप्नेः-<br>“(४) उपदफा (२) वा (३) बमोजिम समर्पण नभएको तर खर्चको फाँटबारीबाट विभाजन नभएको वा आर्थिक वर्षको दोस्रो चौमासिकसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा अर्थ मन्त्रालयले त्यस्तो रकम रोक्का राखी समर्पण गर्न लगाउनेछ।<br>(५) उपदफा (४) बमोजिम अर्थ मन्त्रालयबाट समर्पणको लागि लेखी आएमा लेखा उत्तरदायी अधिकृतले सात दिनभित्र त्यस्तो रकम समर्पण गरी अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।<br>(६) यस दफा बमोजिम समर्पण भई आएको रकम अर्थ मन्त्रालयले दफा २० बमोजिम अन्य स्वीकृत योजना तथा कार्यक्रममा रकमान्तर गर्न सक्नेछ ।”<br>(७) बजेट रोक्का वा नियन्त्रण र समर्पण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।<br>१८. विधेयकको दफा २४ को सट्टा देहाय बमोजिमको दफा २४ राख्नेः-<br>"२४. **खर्च गर्ने कार्यविधि र मापदण्डः**(१) अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट, कार्यक्रम र उपलब्ध श्रोत समेतको आधारमा खर्चको आदेश दिनु पर्नेछ।<br>(२) सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्नेछ।<br>(३) कुनै कार्यको भुक्तानी गर्नुपर्दा विनियोजित बजेटको सीमाभित्र रही रीतपूर्वकको कागजात प्राप्त भएको मितिले पन्ध्र दिनभित्र भुक्तानी आदेश दिने अधिकारीले भुक्तानी दिनु पर्नेछ ।<br>(४) अर्थ मन्त्रालयले सार्वजनिक खर्चमा एकरुपता ल्याउन र मितव्ययिता कायम गर्न गराउन खर्चको मापदण्ड तोक्न सक्नेछ ।<br>(५) उपदफा(४) बमोजिमको मापदण्डको पालना गर्नु |

सबै सरकारी निकायका पदाधिकारीको कर्तब्य हुनेछ ।

(६) खर्च गर्ने, पेस्की दिने र फस्योँट गर्ने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।"

१९. विधेयकको दफा २५ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नेः-

"(३) लेखाङ्कन गर्ने तथा प्रतिवेदन गर्ने प्रक्रिया लेखाका मान्य सिद्धान्त, यस क्षेत्रमा विकसित भएका नवीनतम अवधारणा र तोकिएको सार्वजनिक क्षेत्र लेखामानको मार्गदर्शन बमोजिम महालेखा नियन्त्रक कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ ।"

२०. विधेयकको दफा २६ को उपदफा (४) मा रहेका "सबै प्रकारका" भन्ने शब्दहरु पछि "चल अचल" भन्ने शब्दहरु थप्ने ।

२१. विधेयकको दफा २७ को ,-

(१) उपदफा (१) मा रहेका "कार्यालयमा प्राप्त भएपछि" भन्ने शब्दहरु पछि "सोही दिन र सोही दिन सम्भव नभए भोलिपल्ट" भन्ने शब्दहरु थप्ने ।

(२) उपदफा (२) मा रहेको पछिल्लो वाक्याशं र स्पष्टीकरण खण्ड झिक्ने ।

(३) उपदफा (२) पछि देहायको उपदफा (३) थपी त्यस पछिका उपदफा क्रम मिलाउनेः-

"(३) काबु बाहिरको परिस्थिति परी उपदफा (१) वा (२) बमोजिम राजस्व दाखिला हुन नसकेमा सोको भोलीपल्ट बैंक वा सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

<u>**स्पष्टीकरणः**</u> यस उपदफाको प्रयोजनको लागि "काबु बाहिरको परिस्थिति" भन्नाले भूकम्प, बाढी, पहिरो जस्ता विपद्, महामारी, कुनै हिंसात्मक गतिविधि, हुलदंगा, बन्द हड्ताल, कर्फ्यू वा त्यस्तै अन्य विशेष परिस्थिति सम्झनु पर्छ।"

(४) साविकको उपदफा (३) हाल कायम हुन आउने उपदफा (४) मा रहेका "उपदफा (२)" भन्ने शब्दहरुको सट्टा "उपदफा (३)" भन्ने शब्दहरु राख्ने।

२२. विधेयकको दफा २९ को ,-

(१) दफा शीर्षकमा रहेको "<u>लेखा दाखिला गर्ने</u>" भन्ने शब्दहरुको सट्टा "<u>लेखा तथा वित्तीय विवरण पेश गर्ने</u>" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (५) मा रहेका "पैतीस" भन्ने शब्दको सट्टा "तीस" भन्ने शब्द राख्ने।

(३) ठाउँ ठाउँमा रहेको "दाखिला" भन्ने शब्दको सट्टा "पेश" भन्ने शब्द राख्ने ।

२३. विधेयकको दफा ३२ को उपदफा (१) को ,-

| | | |
|---|---|---|
| | | (१) "दफा ३१ बमोजिमको" भन्ने शब्दहरु झिक्ने ।<br>(२) खण्ड (क) मा रहेका "निजले तोकेको" भन्ने शब्दहरु पछि "अधिकृत" भन्ने शब्द थप्ने ।<br>(३) खण्ड (घ) मा रहेको "अध्यक्षले" भन्ने शब्दको सट्टा "संयोजकले" भन्ने शब्द राख्ने ।<br>२४. विधेयकको दफा ३३ को ,-<br>(१) उपदफा (४) मा रहेको "समक्ष" भन्ने शब्दपछि "पेश" भन्ने शब्द थप्ने।<br>(२) उपदफा (१०) मा देहायको प्रतिबन्धात्मक वाक्याशं थप्नेः-<br>"तर एउटै कर्मचारीलाई लेखापालन गर्न र आन्तरिक लेखापरीक्षणको कार्यमा खटाउन पाइने छैन ।"<br>२५. विधेयकको दफा ३४ को ,-<br>(१) उपदफा (२) मा रहेको "स्थानीय" भन्ने शब्दपछि "तहको" भन्ने शब्द थप्ने ।<br>(२) उपदफा (३) मा रहेका "प्रतिवेदन सुधार भए नभएको परीक्षण" भन्ने शब्दको सट्टा "प्रतिवेदनमा उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न" भन्ने शब्दहरु राख्ने ।<br>२६. विधेयकको दफा ३६ को उपदफा (४) र (५) झिक्ने ।<br>२७. विधेयकको दफा ३९ को उपदफा (५) झिकी त्यस पछिको उपदफा क्रम मिलाउने ।<br>२८. विधेयकको दफा ४० को सट्टा देहायको दफा ४० राख्नेः–<br>"४०. <u>**बेरूजु फस्यौंट तथा फरफारख**</u> : (१) लेखापरीक्षण प्रतिवेदनमा औंल्याएको बेरूजु असुल गरी फस्यौंट तथा नियमित गर्ने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ।<br>(२) उपदफा (१) को प्रयोजनको लागि असुल गर्नुपर्ने तथा तिर्नु बुझाउनु पर्ने भनी औंल्याएको बेरूजु को हकमा लेखा उत्तरदायी अधिकृतले कारोबारमा संलग्न पदाधिकारीसँग आवश्यक विवरण वा स्पष्टीकरण लिई त्यस्तो बेरूजु असुल गराई समयमै फस्यौंट गर्नु गराउनु पर्नेछ।<br>(३) असुल गर्नुपर्ने तथा तिर्नु बुझाउनु पर्ने भनी औंल्याएको बेरूजु बाहेक अन्य बेरूजुको हकमा प्रचलित कानून बमोजिम पुऱ्याउनु पर्ने रीत नपुगेको तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी नभएको पुष्ट्याई गर्ने कारण सहितको प्रमाण प्राप्त |

| | | |
|---|---|---|
| | | भएमा तोकिए बमोजिमको कार्यविधि अपनाई सम्बन्धित लेखा उत्तरदायी अधिकृतले त्यस्तो बेरूजु नियमित गरी फस्र्यौट गर्नु पर्नेछ।<br>(४) उपदफा (२) र (३) बमोजिम फस्र्यौट भएको बेरुजुको लगत कट्टा गर्न सात दिनभित्र महालेखा परीक्षकको कार्यालयमा पठाउनु पर्नेछ र महालेखा परीक्षकको कार्यालय ले सोको लगत कट्टा गरी सात दिन भित्र सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई जानकारी दिनु पर्नेछ ।<br>(५) बेरूजु फस्र्यौट तथा फरफारख सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।"<br>२९. विधेयकको दफा ४० पछि देहायको दफा ४१ थप्ने र त्यसपछिका दफाहरूको क्रम मिलाउनेः-<br>"४१. **वार्षिक प्रतिवेदनमा छलफलः** (१) महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरूजुको सम्बन्धमा प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिमा छलफल हुँदा समितिको बैठकमा उपस्थित हुने, छलफलमा भाग लिने, सो सम्बन्धमा आफ्नो राय प्रतिक्रिया वा लिखित धारणा पेश गर्ने तथा बेरूजु फस्र्यौट सम्बन्धी काम कारबाही गर्ने वा गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुनेछ ।<br>(२) उपदफा ( १) बमोजिम प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिमा छलफल भई प्रतिनिधि सभामा पेश गरेको सुझाव प्रतिनिधि सभाबाट स्वीकृत भएबमोजिम कार्यान्वयन गर्ने गराउने जिम्मेवारी महालेखा परीक्षक तथा सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ।<br>(३) प्रतिनिधि सभाबाट स्वीकृत सार्वजनिक लेखा समितिको प्रतिवेदन बमोजिम बेरुजुको लगतबाट हटाउनु पर्ने विषय महालेखा परीक्षकले तीस दिन भित्र हटाई सोको जानकारी सार्वजनिक लेखा समिति र सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनु पर्नेछ ।<br>(४) यस दफा बमोजिमको कार्यको अनुगमन प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिले गर्नेछ।"<br>३०. विधेयकको दफा ४१ हाल कायम भएको दफा ४२ को उपदफा (१) को खण्ड (ङ) झिकी त्यसपछिको खण्डक्रम |

| | | |
|---|---|---|
| | | मिलाउने।<br>३१. विधेयकको दफा ४२ हाल कायम भएको दफा ४३ मा रहेका “दफा ४१” भन्ने शब्दहरुको सट्टा “दफा ४२” भन्ने शब्दहरु राख्नेः ।<br>३२. विधेयकको दफा ४७ हाल कायम भएको दफा ४८ मा रहेका “दफा ४६” भन्ने शब्दहरुको सट्टा “दफा ४७” भन्ने शब्दहरु राख्नेः ।<br>३३. विधेयकको दफा ४९ हाल कायम भएको दफा ५० को सट्टा देहायको दफा ५० राख्नेः-<br>“५०. **<u>वित्तीय उत्तरदायित्व</u>** (१) यस ऐन बमोजिमको योजना छनौट गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने, बजेट प्रस्ताव गर्ने, सरकारी सम्पत्तीको संरक्षण, व्यवस्थापन गर्ने गराउने, बजेट समर्पण गर्ने गराउने तथा योजना तथा कार्यक्रमको अनुगमन गरी वित्तीय उत्तरदायित्व कायम गर्ने गराउने कर्तब्य संवैधानिक अङ्ग तथा निकायको हकमा सम्बन्धित संवैधानिक अङ्ग तथा निकायको प्रमुख, मन्त्रालय तथा केन्द्रीय स्तरको सचिवालय तथा आयोगको हकमा सम्बन्धित मन्त्रालयका विभागीय मन्त्री वा राज्यमन्त्रीको हुनेछ ।<br>(२) यस ऐन बमोजिमको लेखा राख्ने, खर्च गर्ने तथा बेरुजु फस्यौंट गर्ने गराउने लगायतका वित्तीय उत्तरदायीत्व बहन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ ।<br>(३) उपदफा (१) बमोजिमका पदाधिकारीबाट वित्तीय उत्तरदायित्व बहन भए नभएको सम्बन्धमा प्रधानमन्त्रीबाट र उपदफा (२) बमोजिमको पदाधिकारीबाट वित्तीय उत्तरदायित्व बहन भए नभएको सम्बन्धमा संवैधानिक निकायको हकमा त्यस्तो निकायको प्रमुख र अन्य निकायको हकमा सम्बन्धित मन्त्री वा राज्य मन्त्रीबाट निगरानी हुनेछ ।<br>(४) यस दफा बमोजिम वित्तीय उत्तरदायीत्व बहन गर्ने गराउने सम्बन्धमा सम्बन्धित पधाधिकारीको काम, कर्तव्य, अधिकार तथा जिम्मेबारी र प्रक्रिया तोकिए बमोजिम हुनेछ ।” |

| | | |
|---|---|---|
| | | ३४. विधेयकको दफा ५० हाल कायम भएको दफा ५१ को दफाशीर्षकको सट्टा देहायको दफाशीर्षक राख्नेः-<br>"<u>लेखा तयार गर्ने जिम्मेबारी</u>"<br>३५. विधेयकको दफा ५१ हाल कायम भएको दफा ५२ को,-<br>(१) दफा शीर्षकको सट्टा देहायको दफाशीर्षक राख्ने,-<br>"<u>आर्थिक प्रशासन सञ्चालन गर्ने जिम्मेबारी</u>"<br>(२) उपदफा (२) मा रहेको "जिम्मेवारी" शब्दपछि "संवैधानिक अङ्ग तथा निकायको हकमा सम्बन्धित संवैधानिक अङ्ग तथा निकायको प्रमुख, मन्त्रालय तथा केन्द्रीय स्तरको सचिवालय तथा आयोगको हकमा सम्बन्धित मन्त्रालयका विभागीय मन्त्री वा राज्यमन्त्री तथा" भन्ने शब्दहरु थप्ने ।<br>३६. विधेयकको दफा ५६ हाल कायम हुन आएको दफा ५७ को सट्टा देहायको दफा ५७ राख्नेः-<br>"५७. **<u>सजायः</u>**(१) देहायको काम गर्ने कर्मचारीलाई देहाय बमोजिम अधिकारीले देहाय बमोजिमको सजाय गर्नेछः-<br>(क) दफा २४ को उपदफा (४) बमोजिम भुक्तानी नदिने जिम्मेवार व्यक्तिलाई एक तहमाथिको अधिकारीले पचास हजार रूपैयाँ सम्म जरिबाना,<br>(ख) दफा २८ को उपदफा (४) बमोजिम थपिएको म्यादभित्र पनि श्रेस्ता खडा नगर्ने , दफा २९ को उपदफा (४) बमोजिम थप गरिएको म्यादभित्र पनि लेखा पेश नगर्ने, दफा ३६ बमोजिमको लेखा तथा विवरण पेश नगर्ने तथादफा ४४ को उपदफा (३) बमोजिम जाँचबुझ गर्दा लापरबाही गरी तथा बरबुझारथ गर्न बाँकी राख्ने जिम्मे बार व्यक्तिलाई एक तह माथिको अधिकारीले पाँच सय रूपैयाँ जरिबाना,<br>(ग) दफा ३९ को उपदफा (३) बमोजिम सूचना प्राप्त भएपछि कार बाही नगर्ने अधिकारीलाई संवैधानिक अङ्ग तथा निकायको हकमा सम्बन्धित संवैधानिक अङ्ग तथा निकायको |

| | | |
|---|---|---|
| | | प्रमुख, मन्त्रालय तथा केन्द्रीयस्तरको सचिवालय तथा आयोगको हकमा सम्बन्धित मन्त्रालयको विभागीय मन्त्री वा राज्यमन्त्री , विभाग वा विभाग सरहको अस्तित्व र क्षेत्राधिकार भएको कार्यालयको हकमा सम्बन्धित मन्त्रालयको सचिव र कार्यालयको हकमा सम्बन्धित तालुक कार्यालयको प्रमुखले प्रत्येक पटक एक हजार रूपैयाँ जरिबाना,<br>(घ) दफा ५१ को उपदफा (२) बमोजिम जाँचबुझ वा निरीक्षण गर्दा यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम निर्धारित प्रक्रिया पूरा नगरी कारोबार गरेको देखिन आएमा वा अन्य कुनै कैफियत देखिन आएमा त्यस्तो जाँच गर्ने वा गराउने तालुक कार्यालय वा विभागीय प्रमुखले सम्बन्धित जिम्मेवार व्यक्तिलाई प्रत्येक पटक पाँच सय रूपैयाँ जरिबाना,<br>(ङ) दफा ५२ को उपदफा (३) विपरीत हुने गरी लेखा सम्बन्धी काममा अनियमितता गर्ने तथा निर्णय दिनुपर्ने अधिकारीले तोकिएको म्यादभित्र निर्णय नदिएमा सम्बन्धित जिम्मेबार व्यक्तिलाई अधिकार प्राप्त अधिकारीले दुई हजार रूपैयाँ जरिबाना,<br>(च) यस ऐन बमोजिम सजाय तथा जरि बाना गर्नु पर्नेमा कुनै अधिकारीले सजाय तथा जरि बाना नगरेमा त्यस्तो अधिकारीलाई एक तह माथिको अधिकृतले तीन हजार रूपैयाँसम्म जरिबाना,<br>(छ) यस उपदफामा अन्यत्र उल्लेख गरिए देखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको उल्लङ्घन गर्नेलाई एक तह माथिको अधिकारीले पाँचहजार रूपैयाँसम्म जरिबाना।<br>(२) उपदफा (१) बमोजिम जरिबाना हुने कर्मचारीलाई निजले प्रचलित कानून बमोजिम पालना गर्नु पर्ने आचरण उल्लङ्घन गरेको मानी प्रचलित कानून बमोजिमको विभागीय कारबाही समेत हुनेछ। |

| | | |
|---|---|---|
| | | (३) यस ऐनमा निर्धारित प्रक्रिया भन्दा विपरीत आयोजना तथा कार्यक्रम स्वीकृत गर्ने, बजेट प्रस्ताव गर्ने तथा तोकिएको समयमा बजेट समर्पण नगर्ने सम्बन्धित कर्मचारीलाई विभागीय कारबाही गरिनेछ ।<br>(४) दफा १९ को उपदफा (५) बमोजिमको कार्यसम्पादन प्रतिफल प्राप्त गर्न नसक्ने वा कार्यक्रम र पूँजीगत खर्चको हकमा मनासिब कारण बेगर विनियोजित रकमको तोकिएको प्रतिशत भन्दा कम भौतिक प्रगति तथा खर्च गर्ने कर्मचारीलाई विभागीय कारबाही गरिनेछ ।<br>(५) विनियोजन ऐन वा पेश्की खर्च ऐनबाट विनियोजित रकमभन्दा बढी रकमको आयोजना वा कार्यक्रम स्वीकृत गर्ने वा ठेक्का लगाउने वा खरिद प्रक्रिया प्रारम्भ गर्ने कर्मचारीलाई आयोजना वा कार्यक्रम स्वीकृत गरेको वा ठेक्का लगाएको वा खरिद प्रक्रिया प्रारम्भ गरेको रकम बराबरको रकम जरिबाना लेखा उत्तरदायी अधिकृतले गर्नेछ र लेखा उत्तरदायी अधिकृतले त्यस्तो काम कारवाही गरेमा संवैधानिक अङ्ग तथा निकायको हकमा सम्बन्धित संवैधानिक अङ्ग तथा निकायको प्रमुख, मन्त्रालय तथा केन्द्रीयस्तरको सचिवालय तथा आयोगको हकमा सम्बन्धित मन्त्रालयको विभागीय मन्त्री वा राज्यमन्त्रीले त्यस्तो जरिबाना गर्नेछ ।<br>(६) यस ऐन बमोजिम गरिएको सजायको विवरण सम्बन्धित निकायमा अभिलेख गरी त्यसको विवरण पन्ध्र दिनभित्र सार्वजनिक गर्नु पर्नेछ ।<br><br>तर अर्थ मन्त्रालयको स्वीकृति लिई गरेको काम कारबाहीको हकमा यो व्यवस्था लागू हुने छैन।"<br>३७. विधेयकको दफा ६१ हाल कायम भएको दफा ६२ को उपदफा (१) मा रहेका "सूचना प्रविधिको प्रयोग गर्न सकिनेछ" भन्ने शब्दहरुको सट्टा "क्रमशःसूचना प्रविधिको प्रयोग गरिनेछ" भन्ने शब्दहरु राख्ने ।<br>३८. विधेयकको दफा ६३ हाल कायम भएको दफा ६४ को उपदफा (१) मा रहेका "बनाउन सक्नेछ" भन्ने शब्दहरुको सट्टा "बनाउनेछ" भन्ने शब्द राख्ने । |
| ५५. | २०७६/०४/२९ बिहान ११:०० बजे | अर्थ समितिको आज मिति २०७६ साउन २९ गतेको बैठकमा नेपाल राष्ट्र बैंकका गभर्नर, अर्थ सचिव, नेपाल धितोपत्र बोर्डका अध्यक्ष, नेपाल स्टक एक्स्चेन्ज का प्रमुख कार्यकारी अधिकृत लगायतको उपस्थितिमा नेपालको वित्तीय क्षेत्रको विद्यमान अवस्था र वाणिज्य बैंकका सहायक कम्पनीहरुलाई धितोपत्रको ब्रोकर लाइसेन्स प्रदान गर्न भए गरेका निर्णय, सूचना, परिपत्र |

| | | |
|---|---|---|
| | | तथा भावी योजना लगायतका विषयमा छलफल गरी देहायको निर्णय भयो ।<br>• नेपालको वित्तीय क्षेत्रको महत्वपूर्ण पक्षको रुपमा रहेको पूँजि बजार विगत लामो समय देखि विस्तार हुन नसकी स्थिर प्राय रहिरहेको र मुद्रा बजारमा समेत समय समयमा आरोह अवरोह भइरहने सन्दर्भमा यस क्षेत्रसँग सम्बन्धित समस्या, समस्या सिर्जना हुनुका कारण, सम्बन्धित निकायबाट भइरहेका कामकारवाहि र समाधानका लागि गर्नुपर्ने नीतिगत, संरचनागत र व्यवस्थापकीय लगायतका सुझाव सहितको प्रतिवेदन पेश भएपश्चासत मात्र आवश्यक निर्णयमा पुग्न उचित देखिएकाले कार्य प्रारम्भ गरेको मितिले दुई महिना भित्र सुझाव सहितको प्रतिवेदन समितिमा पेश गर्न देहायका माननीय सदस्यहरु रहने गरी पूँजि बजार र मुद्रा बजार सम्बन्धि अध्ययन उपसमिति गठन गर्नेः<br>१. मा. श्री रामकुमारी झाँक्री -संयोजक<br>२. मा. श्री प्रमिला राई -सदस्य<br>३. मा. श्री मेटमणी चौधरी -सदस्य<br>४. मा. श्री रामबाबु कुमार यादव -सदस्य<br>५. मा. श्री हेम कुमार राई -सदस्य<br>• निजीकरण ऐन, २०५० को दफा ३ को उपदफा २ (ग) मा व्यवस्था भए बमोजिम निजीकरण समितिमा प्रतिनिधित्व गर्न माननीय श्री सत्य पहाडी र माननीय श्री जय कुमार राई लाई मनोनीत गर्ने । |
| ५६. | २०७६/०५/०२ बिहान ११:०० बजे | अर्थ समितिको आज मिति २०७६ भाद्र २ गते बसेको वैठकमा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०९ को उपनियम (१) को खण्ड (ख) बमोजिम "राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक,२०७५" लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस् भन्नेध प्रस्ताव पारीत भई प्राप्त विधेयक माथि माननीय अर्थ मन्त्रीज्यू, संसोधन कर्ता माननीय सदस्यहरु, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, अर्थ मन्त्रालयका सचिव र राजश्वम अनुसन्धान विभागका महानिर्देशकको उपस्थितिमा सैद्धान्तिक छलफल भयो । उक्त वैठकमा माननीय अर्थ मन्त्रीज्यूले विधेयकका उद्देश्य र विधेयक ल्याउनुपर्नाका कारणको विषयमा समितिमा जानकारी गराउनुभएको, संशोधनकर्ता माननीय सदस्यहरुले विधेयकमा आ-आफ्नो संशोधन पेश |

| | | |
|---|---|---|
| | | गर्नुपर्नाको कारण लगायतको विषयमा आफ्नो धारणा राख्नुभएको र विधेयकमा छलफल जारी रहेकोले अर्को बैठकमा सरोकारवाला वर्गसँग समेत छलफल गर्ने गरी आजको बैठक स्थगित गरियो । |
| ५७. | २०७६/०५/०४ बिहान ११:०० बजे | अर्थ समितिको आज मिति २०७६ भाद्र ४ गते बसेको वैठकमा "राजश्वन चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक,२०७५" माथि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, अर्थ मन्त्रालयका सचिव र राजश्व् अनुसन्धान विभागका महानिर्देशकको उपस्थितिमा नेपाल चेम्बर अफ कमर्श, नेपाल घरेलु तथा साना उद्योग महासंघ, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, नेपाल उद्योग परिसंघ, भन्सार एजेन्ट महासंघ लगायतका सरोकारवाला पक्षहरुसँग छलफल भयो । |
| ५८. | २०७६/०५/०८ बिहान ११:०० बजे | अर्थ समितिको आज मिति २०७६ भाद्र ८ गते बसेको वैठकमा "राजश्वं चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक,२०७५" माथि माननीय अर्थ मन्त्रीज्यू, संशोधनकर्ता माननीय सदस्यहरु, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, राजश्वन अनुसन्धान विभागका महानिर्देशक, अर्थ मन्त्रालयका प्रतिनिधि एवम् कानून न्याय तथा संसदीय मामीला मन्त्रालयका प्रतिनिधिको उपस्थितिमा नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधिहरुसँग छलफल भयो । उक्त छलफल पश्चायत विधेयकमाथि दफाबार छलफल प्रारम्भ भयो । |
| ५९. | २०७६/०५/१० बिहान ०८:३० बजे | अर्थ समितिको आज मिति २०७६ भाद्र १० गते बसेको वैठकमा "राजश्वा चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७५" माथि माननीय अर्थ मन्त्रीज्यू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, राजश्वर अनुसन्धान विभागका महानिर्देशक र कानून न्याय तथा संसदीय मामीला मन्त्रालयका प्रतिनिधिको उपस्थितिमा दफाबार छलफल भयो । |
| ६०. | २०७६/०५/१७ दिनको ०१:०० बजे | अर्थ समितिको आज मिति २०७६/०५/१७ गते बसेको बैठकमा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७९ को उपनियम (१) अनुसार समितिको गणपूरक संख्या समितिको तत्काल कायम रहेको संख्याको ५१ प्रतिशत नपुगेकोले ४० मिनेटको लागि वैठक स्थगित गर्ने निर्णय गरियो । |
| ६१. | २०७६/०५/१७ दिनको ०१:४० बजे | अर्थ समितिको आज मिति २०७६/०५/१७ गते बसेको बैठकमा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७९ को उपनियम (१) अनुसार समितिको गणपूरक संख्या समितिको तत्काल कायम रहेको संख्याको ५१ |

| | | |
|---|---|---|
| | | प्रतिशत नपुगेकोले ५ मिनेटको लागि वैठक स्थगित गर्ने निर्णय गरियो । |
| ६२. | २०७६/०५/१७ दिनको १:४५ बजे | अर्थ समितिको आज मिति २०७६/०५/१७ गतेको बैठकमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका सचिव, राजश्वि अनुसन्धान विभागका महानिर्देशक, अर्थ मन्त्रालय तथा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका कर्मचारीहरुको उपस्थितिमा "राजश्वज चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संसोधन) विधेयक, २०७५" माथि दफाबार छलफल समाप्त भई तयार भएको प्रतिवेदनमा छलफल भई देहाय बमोजिमको प्रतिवेदन पारीत गरी प्रतिनिधि सभामा पेश गर्ने निर्णय भयो ।<br><br>**"राजश्व चुहावट (अनुसन्धान र नियन्त्रण) (पहिलो संसोधन) विधेयक" सम्बन्धि अर्थ समितिको प्रतिवेदन, २०७६"**<br>प्रतिनिधि सभाको मिति २०७६ जेष्ठ १३ गते बसेको बैठकले प्रतितिधि सभा नियमावली, २०७५ को नियम १०९ को उपनियम (१) को खण्ड (ख) बमोजिम "राजश्व चुहावट (अनुसन्धान र नियन्त्रण) (पहिलो संसोधन) विधेयक" लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव पारीत भएको र मिति २०७६ असार २ गतेको सम्माननीय सभामुखज्यूको निर्णयानुसार उक्त विधेयक अर्थ समितिमा दफावार छलफलको लागि प्राप्त भएको थियो जसमा ११ जना संशोधनकर्ता माननीय सदस्यहरुबाट प्रस्तावना र १७ वटा दफामा संशोधन दर्ता भई छलफलको लागि स्वीकृत भएको थियो ।<br>सो विधेयक माथि मिति २०७६ भाद्र ०२ गते देखि छलफल प्रारम्भ गरिएको थियो र वैठकमा माननीय अर्थमन्त्रीज्यूले विधेयक प्रस्तुत गर्नु पर्नाको उद्देश्य र कारणका सम्बन्धमा स्पष्ट पार्नु भएपछि विधेयकमा संशोधनकर्ता माननीय सदस्यहरुले संशोधन सम्बन्धमा आ-आफ्नो धारणा राख्नुभएको थियो । मिति २०७६ भाद्र ०४ गते बसेको वैठकमा विधेयक माथि विस्तृत रुपमा छलफल भएको थियो । समितिको उक्त वैठकमा माननीय अर्थ मन्त्रीज्यू, अर्थ मन्त्रालयका सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, राजश्व अनुसन्धान विभागका महानिर्देशक, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर्स अफ कमर्श, घरेलु तथा साना उद्योग महासंघ, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र भन्सार एजेन्ट महासंघ लगायतका सरोकारवाला पक्षहरु समेतको उपस्थितिमा छलफल भएको थियो । मिति २०७६ भाद्र ०८ गते बसेको बैठकमा नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधिहरुसँग छलफल गरि दफावार छलफल प्रारम्भ भएको थियो । त्यसैगरि भाद्र १० गते बसेको वैठकमा विधेयकमा दफावार छलफल भएको थियो र समितिको मिति २०७६ भाद्र १७ गतेको वैठकबाट "राजश्व चुहावट (अनुसन्धान र नियन्त्रण) (पहिलो संसोधन) विधेयक" मा आवश्यक परिमार्जन गरी देहायको निर्णय सहितको प्रतिवेदन सभामा पेश गर्ने |

| | | |
|---|---|---|
| | | भनी समितिको निर्णय गरे अनुसार यो प्रतिवेदन तयार गरिएको छ।<br><br>१. राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन , २०५२ लाई संशोधन गर्न बनेको विधेयक (यस पछि "विधेयक" भनिएको ) को दफा १ मा रहेको '२०७५' भन्ने अंकको सट्टा '२०७६' भन्ने अंक राख्ने ।<br>२. विधेयकको दफा २ को उपदफा (२) मा मूल ऐनको दफा २ को खण्ड (क१) को सट्टा राख्ने भनिएको खण्ड (क१) को सट्टा देहायको खण्ड (क१) राख्नेः-<br>"(क१) "गैरकर" भन्नाले प्रचलित कानून बमोजिम लाग्ने शुल्क , दस्तुर, सेवा शुल्क, रोयल्टी, लाभांश, जरिबाना वा साँवा फिर्ता रकम सम्झनु पर्छ र सो शब्दले त्यस्तो रकममा लाग्ने ब्याज रकमलाई समेत जनाउँछ ।"<br>३. विधेयकको दफा २ को उपदफा (५) मा मूल ऐनको दफा २ को खण्ड (छ१) को सट्टा राख्ने भनिएको खण्ड (छ१) को,-<br>(१) उपखण्ड (ङ) को ठाउँ ठाउँमा रहेका "मालबस्तु" भन्ने शब्द पछि रहेका "वा सेवा" भन्ने शब्दहरु झिक्ने।<br>(२) उपखण्ड (च) मा रहेका "प्रदेश कानून तथा" भन्ने शब्दहरुको सट्टा "प्रदेश कानून वा" भन्ने शब्दहरु र "कर तथा गैरकर , ब्याज, जरिबाना" भन्ने शब्दहरुको सट्टा "कर, गैरकर, ब्याज वा जरिबाना" भन्ने शब्दहरु राख्ने ।<br>४. विधेयकको दफा ३ मा मूल ऐनको दफा ४ को सट्टा राख्ने भनिएको दफा ४ को,-<br>(१) खण्ड (ख) मा रहेको "मालबस्तु" भन्ने शब्द पछि रहेका "वा सेवा" भन्ने शब्दहरु हटाउने ।<br>(२) खण्ड (ग) मा रहेको "कुनै बस्तु" भन्ने शब्द पछि रहेका "वा सेवा" भन्ने शब्दहरु हटाउने ।<br>(३) खण्ड (घ) मा रहेको "अनधिकार" भन्ने शब्दको सट्टा "अनाधिकार" भन्ने शब्दहरु राख्ने ।<br>(४) खण्ड (झ) मा रहेको "नियतले" भन्ने शब्द पछि "अन्य" भन्नेव शब्द थपी सोही खण्डमा रहेको "गरेमा" भन्ने शब्दको सट्टा "गरे वा गराएमा" भन्ने शब्दहरु राख्ने । |

| | | |
|---|---|---|
| | | (५) खण्ड (ञ) मा रहेका "कारबाही गर्न" भन्ने शब्दहरु पछि "वा गराउन" भन्ने शब्दहरु थप्ने ।<br>५. विधेयकको दफा ४ मा मूल ऐनको दफा ७क. को उपदफा (१) को सट्टा राख्ने भनिएको उपदफा (१) मा रहेका "निजले खटाएको कुनै" भन्ने शब्दहरुको सट्टा "निजले खटाएको अधिकृत स्तरको" भन्ने शब्दहरु राख्ने।<br>६. विधेयकको दफा ६ को उपदफा (२) झिकी उपदफाक्रम मिलाउने ।<br>७. विधेयकको दफा ९ मा मूल ऐनको दफा १३क. को सट्टा राख्ने भनिएको दफा १३क. को,-<br>(१) उपदफा (१) मा रहेका "र त्यस्तो कार्य भुल वा त्रुटीको कारण भएको भए" भन्ने शब्दहरु झिक्ने,<br>(२) उपदफा (२) मा रहेका "राजश्व चुहावटको कसूरमा" भन्नेन शब्दहरुको सट्टा "राजश्व चुहावट भएको देखिएमा" भन्नेह शब्दहरु राख्नो र सोही उपदफामा रहेका "वा त्यस्तो राजश्व निर्धारणमा भएको गल्ती वा त्रुटि सच्याउन" भन्ने शब्दहरु झिकी सोही उपदफामा देहायको प्रतिबन्धात्मक वाक्यांश थप्ने,<br>"तर जानाजान वा बदनियतपूर्वक राजश्व छल्ने नियतले कुनै कार्य गरेमा यस ऐन बमोजिम मुद्दा चलाउनु पर्नेछ ।"<br>(३) उपदफा (२) पछि देहायको उपदफा (३) थपी उपदफाक्रम मिलाउनेः-<br>"(३) उपदफा (२) बमोजिम लेखी आएमा सम्बन्धित संस्था वा निकायले राजश्व निर्धारण गरी सोको जानकारी विभागलाई दिनु पर्नेछ ।"<br>(४) उपदफा (४) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (५) मा रहेका "उपदफा (३)" भन्नेक शब्दहरुको सट्टा "उपदफा (४)" भन्ने शब्दहरु राख्ने ।<br>८. विधेयकको दफा १० को उपदफा (१) झिक्ने र साविकको उपदफा (२) मा मूल ऐनको दफा १३ग. को उपदफा (४क) मा संशोधन गर्ने भनिएको उपदफा (४क) को ठाउँ ठाउँमा रहेको "रुपैयाँ" भन्ने शब्दको सट्टा "रुपैयाँसम्म" भन्ने शब्दहरु राख्ने ।<br>९. विधेयकको दफा १५ मा मूल ऐनको दफा २३ को सट्टा राख्ने भनिएको |

दफा २३ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः-

"(१) राजश्व चुहावटको कसुर गर्ने व्यक्तिबाट बिगो असुल वा जफत गरी त्यस्तो व्यक्तिलाई बिगोको शत प्रतिशत जरिबाना तथा कसुरको मात्रा अनुसार देहाय बमोजिमको कैद हुनेछः-

(क) एक करोड रुपैयाँसम्मको विगोमा एक महिनादेखि छ महिनासम्म कैद,

(ख) एक करोड रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्मको बिगोमा छ महिनादेखि एक वर्षसम्म कैद,

(ग) पाँच करोड रुपैयाँदेखि दश करोड रुपैयाँसम्मको बिगोमा एक वर्षदेखि तीन वर्षसम्म कैद,

(घ) दश करोड रुपैयाँदेखि माथि जति सुकै बिगो भए पनि तीन वर्षदेखि पाँच वर्षसम्म कैद ।"

(२) उपदफा (३) झिकी त्यस पछिको उपदफाक्रम मिलाउने ।

(३) उपदफा (५) हाल कायम भएको उपदफा (४) मा रहेका "वा (३)" भन्ने शब्दहरु झिक्ने ।

१०. विधेयकको दफा २० मा मूल ऐनको दफा २९ को उपदफा (१) को सट्टा राख्ने भनिएको उपदफा (१) मा रहेका "दश प्रतिशत र अन्य मालवस्तुको हकमा बिस प्रतिशतले हुन आउने रकम बरावरको" भन्ने शब्दहरुको सट्टा "दश प्रतिशत वा पचास लाख रूपैयाँ मध्ये जुन घटी हुन्छ सो बराबरको रकम र अन्य मालबस्तुको हकमा बीस प्रतिशत वा पच्चीस लाख रुपैयाँ मध्ये जुन घटी हुन्छ सो बराबरको" भन्ने शब्दहरु राख्ने र सोही उपदफाको अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप्नेः-

"तर राष्ट्र सेवक तथा राष्ट्र सेवकका परिवारको सदस्यले सुराकी वापतको पुरस्कार पाउने छैन ।"

११. विधेयकको दफा २२ मा मूल ऐनको दफा ३२ को सट्टा राख्ने भनिएको

| | | |
|---|---|---|
| | | दफा ३२ को,-<br>(१) उपदफा (१) मा रहेका "निजको कागज गराई" भन्ने शब्दहरु झिक्ने ।<br>(२) उपदफा (३) मा रहेका "रकम मात्र" भन्ने शब्दहरुको सट्टा "रकम र फिर्ता पाउने ठहरेको रकमको दश प्रतिशत व्याज सहित" भन्ने शब्दहरु राख्ने ।<br>१२. विधेयकको दफा २३ मा मूल ऐनको दफा ३२क. को उपदफा (१) को सट्टा राख्ने भनिएको उपदफा (१) मा रहेका "पठाउन सक्नेछ" भन्ने शब्दहरुको सट्टा "पठाउनेछ" भन्ने शब्द राख्ने ।<br>१३. विधेयकको दफा २४ मा मूल ऐनको दफा ३३ को सट्टा राख्ने भनिएको दफा ३३ को उपदफा (१) मा रहेका "सबै मालबस्तु," भन्ने शब्दहरु झिक्ने र सोही उपदफामा रहेको "अन्य" भन्ने शब्द पछि "सबै" भन्ने शब्द थप्ने ।<br>१४. विधेयकको दफा २६ मा मूल ऐनको दफा ४०क. को सट्टा राख्ने भनिएको ४०क. को दफा शीर्षक सहित ठाउँ ठाउँमा रहेका "निर्देशिका, कार्यविधि, मापदण्ड वा दिग्दर्शन" भन्ने शब्दहरुको सट्टा "निर्देशिका वा कार्यविधि" भन्ने शब्दहरु राख्ने । |
| ६३. | २०७६/०६/०५ दिनको ०१:०० बजे | अर्थ समितिको आज मिति २०७६/०६/०५ गते बसेको बैठकमा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७९ को उपनियम (१) अनुसार समितिको गणपूरक संख्या समितिको तत्काल कायम रहेको संख्याको ५१ प्रतिशत नपुगेकोले ४० मिनेटको लागि वैठक स्थगित गर्ने निर्णय गरियो । |
| ६४. | २०७६/०६/०५ दिनको ०१:४० बजे | अर्थ समितिको आज मिति २०७६/०६/०५ गते बसेको बैठकमा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७९ को उपनियम (१) अनुसार समितिको गणपूरक संख्या समितिको तत्काल कायम रहेको संख्याको ५१ प्रतिशत नपुगेकोले ०५ मिनेटको लागि वैठक स्थगित गर्ने निर्णय गरियो । |
| ६५. | २०७६/०६/०५ दिनको १:४५ बजे | अर्थ समितिको आज मिति २०७६/०६/०५ गतेको बैठकले देहाय बमोजिमको निर्णय गर्योः<br>कर्णाली क्षेत्रको आर्थिक विकासको सम्भावना र त्यस स्थानमा भएको प्राकृतिक स्रोतको उच्चतम उपयोग सम्बन्धमा सम्बन्धित जिल्लाहरुमा अन्तरक्रिया कार्यक्रम सञ्चायलन एवम् स्थलगत अध्ययन अनुगमन गर्नको |

| | | |
|---|---|---|
| | | लागि समितिले दशैं पछि उपयुक्त समयमा हुम्ला, जुम्ला, मुगु, डोल्पा , कालिकोट, दैलेख र सुर्खेत जिल्लामा भ्रमण गर्ने ।<br>अर्को वैठक मिति २०७६ असोज ८ गते स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम सम्बन्धमा माननीय अर्थ मन्त्री, माननीय सङ्घीवय मामिला तथा सामान्य प्रशासन मन्त्री एवम् उक्त मन्त्रालका सचिवहरुलाई आमन्त्रण गरि छलफल गर्ने । |
| ६६. | २०७६/०७/१९ बिहान ११:०० बजे | अर्थ समितिको आज मिति २०७६/०७/१९ गते बसेको बैठकमा नागरिक लगानी कोष ऐन, २०४७ लाई संशोधन गर्न बनेको विधेयक माथि छलफल गर्ने कार्यक्रम रहेकोमा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७९ को उपनियम (१) अनुसार समितिको गणपूरक संख्या समितिमा तत्काल कायम रहेको सदस्य संख्याको ५१ प्रतिशत नपुगेकोले वैठक स्थगित गर्ने निर्णय गरियो । |
| ६७. | २०७६/०७/२८ बिहान ११:०० बजे | अर्थ समितिको आज मिति २०७६/०७/२८ गते बसेको बैठकमा नागरिक लगानी कोष ऐन, २०४७ लाई संशोधन गर्न बनेको विधेयक माथि छलफल गर्ने कार्यक्रम रहेकोमा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७९ को उपनियम (१) अनुसार समितिको गणपूरक संख्या समितिमा तत्काल कायम रहेको सदस्य संख्याको ५१ प्रतिशत नपुगेकोले वैठक स्थगित गर्ने निर्णय गरियो । |
| ६८. | २०७६/०९/०३ दिनको ११:०० बजे | अर्थ समितिको आज मिति २०७६/०९/०३ गते बसेको बैठकमा चालु आ.व. को प्रथम चौमासिकमा बजेट कार्यान्वयनको अवस्था, लक्ष्य अनुरुप पूँजिगत खर्च गर्न गरिएका प्रयास लगायतका विषयमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव, उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयका सचिव, अर्थ मन्त्रालयका सचिव, सहरी विकास मन्त्रालयका सचिव, खानेपानी मन्त्रालयका सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव साथै सम्बन्धित मन्त्रालय अन्तर्गतका विभिन्ना विभागका पदाधिकारीहरुको उपस्थितिमा छलफल भयो । |
| ६९. | २०७६/०९/१० दिनको ११:०० बजे | अर्थ समितिको आज मिति २०७६/०९/१० गते बसेको बैठकमा राजस्व परिचालन, बजेट कार्यान्वयन र पूँजिगत खर्चको प्रवृत्ति, समस्या र सुझाव, समष्टिगत अर्थतन्त्रका परिसूचकहरु र तिनीहरुको प्रवृत्ति लगायतका विषयमा विज्ञहरुसँग छलफल गर्ने कार्यक्रम रहेकोमा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७९ को उपनियम (१) अनुसार समितिको गणपूरक |

| | | |
|---|---|---|
| | | संख्या समितिमा तत्काल कायम रहेको सदस्य संख्याको ५१ प्रतिशत नपुगेकोले बैठक स्थगित गर्ने निर्णय गरियो । |
| ७०. | २०७६/०९ /१६ दिनको ११:०० बजे | अर्थ समितिको आज मिति २०७६/०९/१६ गते बसेको बैठकमा राजस्व परिचालन, बजेट कार्यान्वयन र पूँजिगत खर्चको प्रवृत्ति, समस्या र सुझाव, समष्टिगत अर्थतन्त्रका परिसूचकहरु र तिनीहरुको प्रवृत्ति लगायतका विषयमा विज्ञहरुसँग छलफल भयो । |
| ७१. | २०७६/१० /१३ दिनको ११:०० बजे | अर्थ समितिको आज मिति २०७६ माघ १३ गते बसेको बैठकमा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०९ को उपनियम (१) को खण्ड (ख) बमोजिम प्रतिनिधि सभाको मिति २०७६ भदौ १० गतेको निर्णय अनुसार "नागरिक लगानी कोष ऐन, २०४७ लाई संशोधन गर्न बनेको विधेयक" लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस् भन्नेक प्रस्ताव पारीत भई प्राप्त विधेयक माथि माननीय अर्थ मन्त्रीज्यू, संसोधन कर्ता माननीय सदस्यहरु, अर्थ मन्त्रालयका सचिव र नागरिक लगानी कोषका कार्यकारीनिर्देशकको उपस्थितिमा सैद्धान्तिक छलफल भयो । उक्त बैठकमा माननीय अर्थ मन्त्रीज्यूले विधेयकका उद्देश्य र विधेयक ल्याउनुपर्नाका कारणको विषयमा समितिमा जानकारी गराउनुभएको, संशोधनकर्ता माननीय सदस्यहरुले विधेयकमा आ-आफ्नो संशोधन पेश गर्नुपर्नाको कारण लगायतको विषयमा आफ्नो धारणा राख्नुभएको थियो । ततपश्चात् दफाबार छलफल प्रारम्भ भयो । |
| ७२. | २०७६/१० /१५ बिहान ०८:०० बजे | अर्थ समितिको आज मिति २०७६ माघ १५ गते बसेको बैठकमा "नागरिक लगानी कोष ऐन, २०४७ लाई संशोधन गर्न बनेको विधेयक" माथि माननीय अर्थ मन्त्रीज्यू, संसोधन कर्ता माननीय सदस्यहरु, अर्थ मन्त्रालयका सचिव र नागरिक लगानी कोषका कार्यकारीनिर्देशकको उपस्थितिमा दफाबार छलफल भयो । उक्त बैठकमा दफाबार छलफल समाप्त भई छलफलबाट गरिएका संशोधन सहितको प्रतिवेदन आगामी बैठकमा पेश गर्ने निर्णय भयो । |
| ७३. | २०७६/१० /१६ दिनको २:०० बजे | अर्थ समितिको आज मिति २०७६/१०/१६ गतेको बैठकमा देहायको निर्णय भयो :<br>१. “नागरिक लगानी कोष ऐन, २०४७ लाई संशोधन गर्न बनेको विधेयक ” माथि दफाबार छलफल समाप्त भई तयार भएको प्रतिवेदनमा छलफल भई देहाय बमोजिमको प्रतिवेदन पारीत गरी प्रतिनिधि सभामा पेश गर्ने निर्णय भयो ।<br>**“नागरिक लगानी कोष ऐन, २०४७ लाई संशोधन गर्न बनेको विधेयक ”** |

| | | |
|---|---|---|
| | | **सम्बन्धि समितिको प्रतिवेदन, २०७६**<br>राष्ट्रिय सभाबाट पारति "नागरिक लगानी कोष ऐन, २०४७ लाई संशोधन गर्न बनेको विधेयक" प्रतिनिधि सभाको मिति २०७६ भदौ १० गते बसेको बैठकले प्रतितिधि सभा नियमावली, २०७५ को नियम १०९ को उपनियम (१) को खण्ड (ख) बमोजिम दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव पारीत भई सम्माननीय सभामुखज्यूको निर्णयानुसार उक्त विधेयक अर्थ समितिमा दफावार छलफलको लागि प्राप्त भएको थियो जसमा ११ जना संशोधनकर्ता माननीय सदस्यहरुबाट प्रस्तावना र ८ वटा दफामा संशोधन दर्ता भई छलफलको लागि स्वीकृत भएको थियो ।<br>सो विधेयक माथि मिति २०७६ माघ १३ गते देखि छलफल प्रारम्भ गरिएको थियो र वैठकमा माननीय अर्थमन्त्रीज्यूले विधेयक प्रस्तुत गर्नु पर्नाको उद्देश्य र कारणका सम्बन्धमा स्पष्ट पार्नु भएपछि विधेयकमा संशोधनकर्ता माननीय सदस्यहरुले संशोधन सम्बन्धमा आ-आफ्नो धारणा राख्नुभएको थियो । उक्त विधेयकमा मिति २०७६ माघ १३ र १५ गतेको वैठकमा माननीय अर्थ मन्त्रीज्यू, संशोधनकर्ता माननीय सदस्यहरु, अर्थ मन्त्रालयका सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि र नागरिक लगानी कोषका कार्यकारी निर्देशकको उपस्थितिमा छलफल भएको थियो । समितिको मिति २०७६ माघ १६ गतेको वैठकबाट "नागरिक लगानी कोष ऐन, २०४७ लाई संशोधन गर्न बनेको विधेयक" मा आवश्यक परिमार्जन गरी देहायको निर्णय सहितको प्रतिवेदन सभामा पेश गर्ने भनी समितिले निर्णय गरे अनुसार यो प्रतिवेदन तयार गरिएको छ ।<br>१. विधेयकको दफा १ को उपदफा (१) मा रहेको "नागरिक लगानी कोष (दोश्रो संशोधन) ऐन, २०७५" भन्ने शब्दहरुको सट्टा "नागरिक लगानी कोष (दोश्रो संशोधन) ऐन, २०७६" भन्ने शब्दहरु राखे ।<br>२. विधेयकको दफा ६ अन्तर्गत मूल ऐनको दफा १८क. को स्पष्टीकरणमा रहेको "अन्य" भन्ने शब्दको सट्टा "कृषि, उद्योग र सेवा क्षेत्र लगायतका" भन्ने शब्दहरु राखे ।<br>३. विधेयकको दफा १० अन्तर्गत मूल ऐनको दफा २५ को,<br>(१) उपदफा (१) को खण्ड क मा रहेका "नेपाल सरकारबाट" भन्ने शब्दहरुको सट्टा "बैंकिङ्ग, बिमा वा पूँजी बजार सम्बन्धि विषयमा विशेष ज्ञान तथा अनुभव भएका व्यक्तिहरु मध्ये नेपाल सरकारबाट" भन्ने शब्दहरु राखे ।<br>(२) उपदफा (१) पछि देहायको उपदफा (२) राखी त्यसपछिको उपदफा क्रम मिलाउने ।<br>"(२) उपदफा (१) बमोजिम समिति गठन गर्दा कम्तीमा एकजना |

महिलाको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ। "

४. विधेयकको दफा १८ अन्तर्गत मूल ऐनको दफा ४२ को उपदफा (१) मा रहेको “वा कानून विषयमा स्नातकोत्तर गरेको र व्यवस्थापकको रुपमा" भन्ने शब्दको सट्टा “वा वाणिज्य कानून विषयमा स्नातकोत्तर गरेको र आर्थिक व्यवस्थापनको क्षेत्रमा" भन्ने शब्दहरु राखे ।

५. विधेयकको दफा १९ अन्तर्गत मूल ऐनमा दफा ५० को उपदफा (१) मा रहेको “गर्न सक्नेछ ।" भन्ने शब्दहरुको सट्टा “गर्नेछ ।" भन्ने शब्द राखे ।

६. विधेयकको दफा २३ अन्तर्गत मूल ऐनको दफा ५३क. को उपदफा (३) मा रहेको “व्यक्ति, सङ्गठित संस्थालाई" भन्ने शब्दहरुको सट्टा “व्यक्ति वा सङ्गठित संस्थालाई" भन्ने शब्दहरु राखे।

२. पूँजी बजार र मुद्रा बजार सम्बन्धि अध्ययन उपसमितिको छलफल जारी रहेको र अन्तर्राष्ट्रिय अभ्यासको समेत अध्ययन गर्न आवश्यक देखिएकोले मिति २०७६ चैत्र १५ गते सम्म प्रतिवेदन पेश गर्ने गरि म्याद थप गर्ने निर्णय भयो ।

३. पूँजी बजार र मुद्रा बजार सम्बन्धि अध्ययन उपसमितिको संयोजकबाट मिति २०७६/१०/१५ गतेको निवेदनबाट पूँजी बजार तथा सो सम्बन्धि विषयमा भारत, बंगलादेश र सिंगापुर मा रहेका पूँजिबजार सम्बन्धि निकायहरुसँग छलफल गर्न ती देशहरुको अध्ययन भ्रमण गर्ने र उक्त कार्यक्रमको लागि समितिबाट आवश्यक प्रबन्ध तथा व्यवस्थापन गरिदिन अनुरोध भएको सन्दर्भमा छलफल हुँदा तपशिल बमोजिमका माननीय सदस्य र समिति सचिवालयका कर्मचारीबाट उक्त वैदेशिक भ्रमण कार्यक्रम सम्पन्नस गर्न स्वीकृत गर्ने र सो कार्यक्रमको लागि आवश्यक पहल तथा प्रबन्ध गरिदिन समिति सचिवालयलाई निर्देशन दिने निर्णय भयो ।

**तपशिलः**

१. मा. कृष्ण प्रसाद दहाल - समिति सभापति
२. मा. रामकुमारी झाक्रि -उपसमिति संयोजक
३. मा. प्रमिला राई -उपसमिति सदस्य
४. मा. मेटमणि चौधरी - " "
५. मा. राम बावु कुमार यादव - " "

| | | |
|---|---|---|
| | | ६. मा. हेम कुमार राई - " "<br>७. श्री सुरेन्द्र अर्याल - समिति सचिव<br>८. श्री सीता काफ्ले वाग्ले - उपसचिव |
| ७४. | २०७६/११/०७ बिहान १०:३० बजे | अर्थ समितिको आज मिति २०७६ फागुन ७ गते बसेको बैठकमा पूँजीगत खर्च, आयोजना बैंक र बजेट समर्पण सम्बन्धमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षको उपस्थितिमा छलफल भयो । |
| ७५. | २०७६/११/१२ बिहान १०:३० बजे | अर्थ समितिको आज मिति २०७६ फागुन १२ गते बसेको बैठकमा "बीमा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" माथि अर्थ मन्त्रालयका सचिव र बीमा क्षेत्रका विज्ञहरुको उपस्थितिमा दफाबार छलफल भयो । |
| ७६. | २०७६/११/२८ बिहान १०:०० बजे | अर्थ समितिको आज मिति २०७६ फागुन २८ गते बसेको बैठकमा "बीमा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" माथि माननीय अर्थ मन्त्रीज्यू, संसोधनकर्ता माननीय सदस्यहरु, अर्थ मन्त्रालयका सचिव, वीमा समितिका अध्यक्ष र निर्देशक साथै अर्थ मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका अधिकारीहरुको उपस्थितिमा दफाबार छलफल भयो । |
| ७७. | २०७६/११/३० दिनको १:०० बजे | अर्थ समितिको आज मिति २०७६ फागुन ३० गते बसेको बैठकमा "बीमा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" माथि माननीय अर्थ मन्त्रीज्यू, संसोधनकर्ता माननीय सदस्यहरु, अर्थ मन्त्रालयका सचिव (राजश्व), वीमा समितिका अध्यक्ष, कार्यकारी निर्देशक र निर्देशक साथै अर्थ मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका अधिकारीहरुको उपस्थितिमा दफाबार छलफल भयो । |
| ७८. | २०७६/१२/०२ बिहान ११:०० बजे | अर्थ समितिको आज मिति २०७६ चैत्र ०२ गते बसेको बैठकमा "बीमा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" माथि अर्थ मन्त्रालयका सचिव, वीमा समितिका अध्यक्ष, कार्यकारी निर्देशक र निर्देशक साथै अर्थ मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका अधिकारीहरुको उपस्थितिमा दफाबार छलफल भयो । |
| ७९. | २०७६/१२/०३ बिहान ११:०० बजे | अर्थ समितिको आज मिति २०७६ चैत्र ०३ गते बसेको बैठकमा "बीमा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" माथि अर्थ मन्त्रालयका सचिव, वीमा समितिका अध्यक्ष, कार्यकारी निर्देशक र निर्देशक साथै अर्थ मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका |

| | | |
|---|---|---|
| | | अधिकारीहरुको उपस्थितिमा दफाबार छलफल भयो । |
| ८० | २०७६/१२/०४ बिहान ११:०० बजे | अर्थ समितिको आज मिति २०७६ चैत्र ०४ गते बसेको वैठकमा "बीमा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" माथि माननीय अर्थ मन्त्रीज्यू, अर्थ मन्त्रालयका सचिव(राजश्व), वीमा समितिका अध्यक्ष, कार्यकारी निर्देशक र निर्देशक साथै अर्थ मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका अधिकारीहरुको उपस्थितिमा दफाबार छलफल भयो । |
| ८१. | २०७६/१२/०६ दिनको १:०० बजे | अर्थ समितिको आज मिति २०७६ चैत्र ०६ गते बसेको वैठकमा "बीमा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" माथि माननीय अर्थ मन्त्रीज्यू, अर्थ मन्त्रालयका सचिव(राजश्व), वीमा समितिका अध्यक्ष, कार्यकारी निर्देशक र निर्देशक साथै अर्थ मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका अधिकारीहरुको उपस्थितिमा दफाबार छलफल भयो । |
| ८२. | २०७७/०१/२२ बिहान ११:०० बजे | अर्थ समितिको आज मिति २०७७ वैशाख २२ गते बसेको वैठकमा Covid 19 ले समग्र अर्थतन्त्रमा पारेको प्रभाव र यसका नकारात्मक असर न्यूनिकरण गर्न अर्थ मन्त्रालयबाट भए गरिएका काम कारवाही साथै भावी कार्ययोजना सम्बन्धमा माननीय अर्थमन्त्रीज्यू, अर्थ मन्त्रालयका सचिव(राजश्व) र सम्बद्ध अधिकारीहरुको उपस्थितिमा छलफल भयो । |
| ८३. | २०७७/०१/२३ बिहान ११:०० बजे | अर्थ समितिको आज मिति २०७७ वैशाख २३ गते बसेको वैठकमा बैंक तथा वित्तीय संस्थाको अवस्था, तरलता व्यवस्थापन, निक्षेप, कर्जा र ब्याज व्यवस्थापन, विदेशी विनिमय व्यवस्थापन, शोधानान्तर स्थिति, प्रभावित क्षेत्रलाई दिइएका राहात तथा पुनर्उत्थानका कदमहरु, मौद्रिक नीतिको कार्यान्वयन र आगामी सोंच लगायतका वित्तीय क्षेत्रका समग्र पक्षमा साथै आगामी आ.व को बजेटका सम्बन्धमा नेपाल राष्ट्र बैंकका गभर्नर र सम्बद्ध अधिकारीहरुको उपस्थितिमा छलफल भयो । |
| ८४. | २०७७/०१/२४ बिहान ११:०० बजे | अर्थ समितिको आज मिति २०७७ वैशाख २४ गते बसेको वैठकमा वित्तीय व्यवस्थापनका विभिन्न आयामहरु जस्तै चालु आ.व. को राजस्व बाँडफाँड, अन्तरसरकारी वित्त हस्तान्तरण, बजेट कार्यान्वयन, सञ्चिडत कोष व्यवस्थापन, संघ, प्रदेश र स्थानीय तहको आर्थिक कारोवारको लेखांकन र प्रतिवेदन प्रणाली साथै आगामी आ.व को बजेटका सम्बन्धमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका माननीय अध्यक्ष, आयोगका सचिव, |

| | | |
|---|---|---|
| | | महालेखा नियन्त्रक र सम्बद्ध अधिकारीहरुको उपस्थितिमा छलफल भयो । |
| ८५. | २०७७/०१ /२५ बिहान ११:०० बजे | अर्थ समितिको आज मिति २०७७ वैशाख २५ गते बसेको वैठकमा Covid 19 ले नेपालको अर्थतन्त्रमा पारेको प्रभाव, निजी क्षेत्रको भूमिका र आगामी बजेटमा सम्बोधन हुनुपर्ने विषयका सम्बन्धमा निजी क्षेत्रका संघ संस्थाहरु नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल घरेलु तथा साना उद्योग महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल निर्माण व्यवसायी महासंघ, नेपाल चेम्बर अफ कमर्शका पदाधिकारीहरुको उपस्थितिमा छलफल भयो । |
| ८६. | २०७७/०१ /२६ बिहान ११:०० बजे | अर्थ समितिको आज मिति २०७७ वैशाख २६ गते बसेको वैठकमा आगामी आ.व.को बजेटका सम्बन्धमा राष्ट्रिय योजना आयोगका कामकारवाही, आयोजना बैंक, पन्ध्रौं योजना लगायतका विषयमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, आयोगका माननीय सदस्यहरु र सचिवको उपस्थितिमा छलफल भयो । |
| ८७. | २०७७/०१ /२७ बिहान ११:०० बजे | अर्थ समितिको आज मिति २०७७ वैशाख २७ गते बसेको वैठकमा संसद र संसदीय समितिका हरेक कामकारवाहीलाई जनता समक्ष सुसुचित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने सञ्चार क्षेत्रसँग ऋृयखष्म ज्ञढ ले अर्थतन्त्रमा पारेको प्रभाव, आगामी आ.व. को बजेटमा समाहित हुनुपर्ने प्राथमिकताका क्षेत्रहरु लगायतका समसामयीक विषयमा नेपालको आर्थिक क्षेत्रसँग सरोकार राख्रेर नेपाल आर्थिक पत्रकार संघ र नेपाल आर्थिक पत्रकार समाजका अध्यक्ष लगायत अन्य सञ्चाथरकर्मीहरुको उपस्थितिमा छलफल भयो । |
| ८८. | २०७७/०१ /२९ बिहान ०८:०० बजे | अर्थ समितिको आज मिति २०७७ वैशाख २९ गते बसेको वैठकमा आर्थिक विकासको तेस्रो स्तम्भको रुपमा रहेको सहकारी क्षेत्रलाई जनताको आवश्यककता अनुरुप प्रवर्द्धन, सुदृढिकरण र विकास गर्दै जनताको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउन साथै सहकारीहरुको प्रभावकारी सञ्चालन र व्यवस्थापन गर्न सरकार र सहकारीहरु बीच सम्बन्ध सेतुको भूमिका निर्वाह गर्ने सहकारीहरुको छाता संगठनको रुपमा रहेको राष्ट्रिय सहकारी महासंघ लि. नेपालका अध्यक्ष, राष्ट्रिय सहकारी बैंकका अध्यक्ष, नेफ्स्कुनका अध्यक्ष लगायत अन्य सम्बद्ध पदाधिकारीहरुसँग कोरोना भाइरसको महामारीले सहकारी क्षेत्रमा र समग्र अर्थतन्त्रमा पारेको प्रभाव, सहकारी क्षेत्रमा परेको नकरात्मक प्रभावलाई पुनरूत्थान गर्न आगामी आ.व. को बजेटमा सम्बोधन हुनुपर्ने विषय तथा अन्य प्राथमिकताका क्षेत्रहरु लगायतका समसामयीक विषयमा छलफल भयो । |

| | | |
|---|---|---|
| ८९. | २०७७/०१/३० बिहान ०८:०० बजे | अर्थ समितिको आज मिति २०७७ वैशाख ३० गते बसेको वैठकमा बैंकहरु बीच आपसी समन्वय र सहयोग मार्फत बैंकिङ्ग क्षेत्रलाई प्रभावकारी रुपमा सञ्चापलन गरी जनतालाई छिटो र उपयोगी बैंकिङ्ग सेवाहरु उपलब्ध गराउन आवश्यक नीति, प्रक्रिया र प्रविधि अपनाउने र कार्यान्वयन गर्ने साथै समयसापेक्ष बैंकिङ्ग नीति निर्माण गर्न नेपाल सरकार र नेपाल राष्ट्र बैंकलाई सुझाव र सहयोग पुर्यानउन स्थापित बैंकहरुको शिर्ष संगठन नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष र अन्य सम्बद्ध पदाधिकारिहरुसँग नोवल कोरोना भाइरसको महामारीले बैंकिङ्ग क्षेत्र साथै समग्र अर्थतन्त्रमा पारेको प्रभाव, बैंकिङ्ग क्षेत्रमा परेको प्रभावलाई सम्बोधन गर्न आगामी आ.व. को बजेटमा समाहित हुनुपर्ने विषय साथै अन्य प्राथमिकताका क्षेत्रहरु लगायतका समसामयीक विषयमा छलफल भयो । |
| ९०. | २०७७/०२/०१ बिहान १०:०० बजे | अर्थ समितिको आज मिति २०७७ जेष्ठ ०१ गते बसेको वैठकमा नोवल कोरोना भाइरसको महामारीले समग्र अर्थतन्त्रमा पारेको प्रभाव, उक्त प्रभावलाई सम्बोधन गर्न आगामी आ.व. को बजेटमा समाहित हुनुपर्ने विषय साथै बजेटमा प्राथमिकीकरण गर्नु पर्ने क्षेत्रहरु लगायतका समसामयीक विषयमा नेपालको अर्थतन्त्रका सम्बन्धमा राम्रो ज्ञान राख्नु हुने र विभिन्न निकाय तथा संघ संस्थामा आबद्ध भई अनुभव हासिल गर्नुहुने विज्ञ व्यक्तित्वहरुसँग छलफल भयो । |
| ९१. | २०७७/०२/०१ दिनको ०२:०० बजे | अर्थ समितिको आज मिति २०७७ जेष्ठ ०१ गते बसेको वैठकमा अन्तर्राष्ट्रिय मान्यता र अभ्यास अनुरूप लेखा पेशालाई मर्यादित र पारदर्शी बनाउदै व्यापार वाणिज्य, राजश्व, लेखा सम्बन्धी नीति, प्रक्रिया र प्रणालीलाई समयसापेक्ष सदृढ गरी आर्थिक विकास र सुशासन कायम गर्न नेपाल सरकारलाई आवश्यढक सुझाव र सहयोग पुर्याकउने संस्थाहरु नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संस्था र नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संघका अध्यक्ष र अन्य सम्बद्ध पदाधिकारीहरुसँग नोवल कोरोना भाइरसको महामारीले समग्र अर्थतन्त्रमा पारेको प्रभाव, उक्त प्रभावलाई सम्बोधन गर्न आगामी आ.व. को बजेटमा समाहित हुनुपर्ने विषय साथै बजेटमा प्राथमिकीकरण हुनुपर्ने विषय र क्षेत्रहरुका सम्बन्धमा छलफल भयो । |
| ९२. | २०७६/०२/०७ दिनको ०१:०० बजे | अर्थ समितिको आज मिति २०७७ जेष्ठ ७ गते बसेको वैठकमा समितिले आगामी आ.व. को बजेट तथा कार्यक्रमको लागि सम्बन्धित मन्त्रालय, आयोग तथा अन्य सरकारी निकाय, निजी क्षेत्र, सहकारी क्षेत्र, बैंकिङ्ग क्षेत्र, सञ्चातर क्षेत्र, अर्थ विज्ञ र अन्य सम्बन्धित सरोकारवाला पक्षसँग गरेको |

| | | |
|---|---|---|
| | | छलफलबाट प्राप्त सुझावहरु सहितको प्रतिवेदन माथि छलफल भई समितिका माननीय सदस्यहरुबाट प्राप्त सुझावहरुलाई समेत समावेश गरी तयार गरिएको प्रतिवेदन कार्यान्वयनको लागी अर्थ मन्त्रालयमा पठाउने निर्णय भयो । |
| ९३. | २०७६/०३/०२ बिहान ११:०० बजे | अर्थ समितिको आज मिति २०७७ असार २ गते बसेको वैठकमा समितिको भावी कार्यक्रमका सम्बन्धमा छलफल गरी आगामी दिनमा समितिले गर्ने कामकारवाहीलाई व्यवस्थित गर्न थप योजनाबद्ध तवरले अगाडि बढ्ने निर्णय भयो। |
| ९४. | २०७६/०३/२३ बिहान ११:०० बजे | अर्थ समितिको आज मिति २०७७ असार २३ गते बसेको वैठकमा मिति २०७६/०४/२९ गते बसेको बैठकबाट माननीय श्री रामकुमारी झाँक्रीको संयोजकत्वमा गठन भएको "पूँजी बजार र मुद्रा बजार सम्बन्धी अध्ययन उपसमिति" ले समिति समक्ष आफ्नो प्रतिवेदन पेश गर्यो साथै उक्त प्रतिवेदन माथि समितिमा छलफल प्रारम्भ भयो। |
| ९५. | २०७६/०३/२६ बिहान ११:०० बजे | अर्थ समितिको आज मिति २०७७ असार २६ गते बसेको वैठकमा "पूँजी बजार र मुद्रा बजार सम्बन्धी अध्ययन उपसमिति"ले मिति २०७७ असार २३ गते समिति समक्ष पेश गरेको प्रतिवेदन माथि छलफल गरी माननीय सदस्यहरुका सान्दर्भिक सुझावहरु समेत समावेश गरी आवश्यक परिमार्जन सहित पारीत गरियो । साथै उक्त प्रतिवेदन सम्बन्धित निकायमा आवश्यक कार्यार्थ पठाउने निर्णय समेत भयो । |
| ९६. | २०७६/०३/२९ बिहान ११:०० बजे | अर्थ समितिको आज मिति २०७७ असार २९ गते बसेको वैठकमा चालु आ.व.का मौद्रिक नीतिका लक्ष्य तथा उद्देश्य सहित मौद्रिक नीति कार्यान्वयनको अवस्था, कोभिड १९ ले समग्र अर्थतन्त्र र विशेष गरी वित्तीय क्षेत्र व्यवस्थापनमा पारेको प्रभाव कम गर्न गरिएका प्रयास, आगामी आ.व.को बजेटलाई सहयोग पुर्याउन आगामी मौद्रिक नीतिको कार्यदिशा, लक्ष्य र उद्देश्य, आगामी वर्षका वित्तीय र मौद्रिक प्रोत्साहन, मौद्रिक नीतिका उपकरणहरु र तिनीहरुको प्रवृत्ति लगायतका विषयमा नेपाल राष्ट्र बैंकका गभर्नर र सम्बद्ध अधिकारीहरुको उपस्थितिमा छलफल भयो । |